नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
चौतारा नगरपालिकाको कार्यालय
चौतारा , सिन्धुपाल्चोक

# सौर्य सडक बत्ती जडान सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति: २०७३/०२/२७

चौतारा नगरपालिका छेत्रमा बैकल्पिक उर्जा प्रबर्दन केन्द्र, खुमलटार ललितपुर र यस नगरपालिकाको संयुक्त लगानीमा शहरी सौर्य उर्जा जडान कार्य शिलबन्दी दरभाउको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट बैकल्पिक उर्जा (सौर्य सडक बत्ती जडान सम्बन्धी) कार्यका लागि इजाजत प्राप्त उत्पादक कम्पनी / अधिकृत बिक्रेता तथा सप्लायेर्स बाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

## तपसिल

१) दरभाउपत्र प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र वापत तपसिलमा तोकिएको रकम (फिर्ता नहुने गरी ) बुझाई आ.व. ०७२/०७३ सम्म मान्य भएको आयकरको स्थायी लेखा नम्बर (PAN) लिएको र मु.अ.क. मा दर्ता भएको प्रमाणपत्र तथा आ.व. ०७१/०७२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा शिलबन्दी दरभाउपत्र, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्व-घोषणा साथ इच्छुक दरभाउवालाले लिखित निबेदन दिई कार्यालय समयभित्र कार्यालयमा दरभाउपत्र सम्बन्धी कागजात खरीद गर्न सकिनेछ ।

२) खरीद भएको दरभाउपत्रहरु प्रस्ट रुपमा भरि प्रत्येक पानामा सहीछाप गरी, शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रस्टसंग लेखी १६ दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएको दरभाउपत्रको सोही दिन दिनको २:०० बजे उपस्थित दरभाउपत्रवाला वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रवाला वा निजको प्रतिनिधिहरुको उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) दरभाउपत्रका साथ तल उल्लेखित जमानत बापतको धरौटी रकम नेपाल बैंक लि. शाखा कार्यालय , चौतारा स्थीत धरौटी रकम खाता नं ग.३-८७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बिडबोन्ड(दरभाउपत्र खोलेको कम्तिमा ७५ दिन अवधि भएको) पेस गर्नु पर्नेछ ।

४) दरभाउपत्र स्वीकृत भएपछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बराबरको कम्तिमा ६ महिनाको लागि मान्य हुने परफरमेन्स बोन्ड (Performance Bond) पेस गर्नु पर्नेछ ।

५) दरभाउपत्र शर्त रहित, केरमेट नभएको, यस कार्यालयले उपलब्ध गराएको दरभाउपत्रमा कुनै थपघट वा द्रस्टव्य नलेखिएको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपारित भएको दरभाउपत्र माथि कुनै कारबाही हुने छैन ।

६) दरभाउपत्र खरीद वा दर्ता गर्ने फर्महरूले सौर्य सडक बत्ती जडान स्थल र कामको सम्बन्धमा राम्रोसंग हेरी बुझी साइट निरीक्षण गरी दरभाउपत्र पेस गर्नुपर्नेछ ।

७) एक व्यक्तिको नाममा खरीद भएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन । साथै एउटा फर्मले एक भन्दा बढी दरभाउपत्र खरीद वा दाखिला समेत गर्न पाउने छैन ।

८) दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

९) दरभाउपत्र खरीद गर्ने अन्तिम दिन तथा दाखिला गर्ने दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदापछि कार्यालय खुलेको दिन हुनेछ ।

१०) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने यस कार्यालयमा निहित रहनेछ ।

११) दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । साथै यस कार्यालयको टेलिफोन नं. ०११- ६२०४७७ मा सम्पर्क गरी बुज्न सकिनेछ र www.chautaramun.gov.np मा समेत download गरी हेर्न सकिनेछ ।

१२) यसमा उल्लेख नगरिएको कुराहुरको हकमा सार्वजनिक खरीद ऐन ,२०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१३) यस सुचनामा कुनै संशोधन भएमा त्यसको जानकारी सूचना पार्टीमा टास गरिनेछ ।

१४) कामको विवरण निम्नानुसार छ :

| सि.नं | ठेक्का संकेत नं. | कामको विवरण | ल.ई. रकम(मु.अ. कर सहित ) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर | दरभाउपत्र पाइने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ५/०७२/०७३ | सौर्य सडक बत्ती जडान कार्य | १५,६०,०००.– | कबोल अंकको २.५ प्रतिशत | १००० | चौतारा नगरपालिकाको कार्यालय | |

कार्यकारी अधिकृत
चौतारा नगरपालिका